NIC ASIA CAPITAL

Your Friend For Prosperity

१ नेपाली एक DEMAT

चलानी नं ३१३/२०७७/०७८ मिति : २०७७/०८/२१

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

**विषय : जानकारी गराइएको बारे**

महोदय,

उपरोक्त सम्बन्धमा यस एन आई सी एशिया क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड (NIC ASIA Dynamic Debt Fund) प्रति इकाई मूल्य रु. १०/– दरको ४,२५,००,००० (चार करोड पच्चिस लाख) इकाई सर्वसाधारणका लागि मिति २०७७/०८/१२ गतेदेखि मिति २०७७/०८/१६ गते सम्म निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा तहाँलाई विदितै छ ।

निष्काशन तथा विक्री खुल्ला अवधिमा सि-आस्वा प्रणाली मार्फत जम्मा ७९,५५३ जना आवेदकहरुबाट कुल ६,३५,२८,७७० इकाई (बीज पूँजी समेत) खरिदका लागी आवेदन प्राप्त भएकोमा सो मध्ये ३८ जना आवेदकहरुले दिएको १२,२०० इकाईको लागी रितपुर्वक आवेदन प्राप्त नभएको कारणले रद्ध भएको र कुल ७९,५१४ जना आवेदकहरुबाट ५,६०,१६,५७० इकाईको लागी रितपुर्वक आवेदन प्राप्त भएको हुँदा सम्पूर्ण आवेदनको प्रसोधन प्रकृया पुरा गरि उक्त शेयरको पूर्व बाँडफाँड तालिका आज मिति २०७७/०८/२१ गते दिनको १२:३० बजे यस एन आई सी एशिया क्यापिटल लिमिटेड बबरमहल, काठमाण्डौमा सम्पन्न गरिएको व्यहोरा अनुरोध छ ।

सोही सम्बन्धमा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४, को अधिनमा रही बनाइएको संलग्न बमोजिमको शेयर बाँडफाँड तालिका निर्माण गरि सोही तालिका अनुसार देहाय बमोजिमको मिति, स्थान र समयमा उक्त शेयरको बाँडफाँड गर्न तहाँको स्वीकृतीको लागि पूर्व बाँडफाँड तालिका तयार गर्न बसेको कमिटिको माइन्युट तथा बाँडफाँड तालिका यसैसाथ संलग्न गरि पेश गरिएको व्यहोरा अनुरोध छ ।

**प्रस्तावित मिति, स्थान र समय :**

मिति : २०७७/०८/२२

समय : दिनको ४:०० बजे

स्थान : एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौं ।

भवदीय,

Ramendra

....................

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

ISO 9001 : 2015 Certified Capital

**NIC ASIA Capital Limited**
3rd Floor, Siddhartha Insurance Complex, Babarmahal, Kathmandu
Tel: 977-1-4221994, 4240664 Fax: 977-1-4222458 PO Box: 19001
**Email:** info@nicasiacapital.com **Website:** www.nicasiacapital.com
नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर
रजिष्ट्रेशन र लगानी व्यवस्थापन गर्न अनुमति प्राप्त संस्था